राप्ती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :	अङ्क :	प्रकाशन मितिः २०८०/०५/३०

**भाग २**

## राप्ती गाउँपालिका करार खेती कार्यक्रम सञ्चालन कार्यविधि- २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०५/२१
पहिलो संशोधन मिति २०८०/०५/२४

**प्रस्तावना :**

राप्ती गाउँपालिकाभित्र रहेको कृषियोग्य बाँझो जग्गाको अधिकत्तम उपयोग गरी व्यावसायिक रुपमा खेती गर्न सक्ने कृषक र कृषि फार्मलाई कृषि व्यवसायमा संलग्न गराई राप्ती गाउँपालिकाको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले राप्ती गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम स्वरोजगारका लागि करार खेती कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (ण) (१) ले दिएको अधिकार प्रयोग गरी राप्ती गाउँपालिकाले "करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७" बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम राप्ती गाउँपालिका "करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि राप्ती गाउँपालिका भर लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

$(१) "करार खेती गर्ने कृषक" व्यावसायिक रुपमा खेती गर्न इच्छा भएका तर आफ्नो जग्गा ५ कठ्ठा भन्दा कम भएका किसानहरुले भाडामा खेती गरी व्यावसायिक कृषि फर्म सञ्चालन गर्ने हैसियत भएको कृषक वा कृषक फर्मलाई सम्झनुपर्छ ।

(२) "स्थानिय तह" भन्नाले राप्ती गाउँपालिकालाई सम्झनुपर्छ ।

(३) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयलाई सम्झनुपर्छ

**३. उद्देश्यहरु :** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्

(१) व्यावसायिक रुपमा खेती गर्न सक्ने कृषक वा कृषि फार्मलाई खेतीमा संलग्न गराउने,

(२) कृषियोग्य बाँझो जग्गाको अधिकतम उपयोग गरी उत्पादकत्व बढाउने,

(३) पालिकाको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने ।

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालन तथा अनुदानसम्बन्धी व्यवस्थाः**

(१) करार खेती गर्ने कृषकले जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न चाहेमा भाडाको र कममा पहिलो वर्ष शत प्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत र तेस्रो वर्षमा २५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ भने चौथो वर्षदेखि अनुदान उपलब्ध गराइने छैन ।

(२) करार खेती गर्ने कृषक वा कृषि फार्मले पाउने जग्गाको भाडा स्थानीय दररेट वा प्रति कठ्ठा रु २,५००।०० (अक्षरुपी पच्चिस सय रुपैयाँ मात्र) मा जुन कम हुन आउँछ सोही अनुसार जग्गाधनी र किसान बीच सम्झौता गरिनेछ ।

$(३) करार खेती गर्ने कृषक वा कृषि फर्मले तराईमा न्यूनतम ५ कठ्ठा र पहाडमा ३ रोपनी सकेसम्म एकै क्लस्टरमा हुने गरी खेती गर्नुपर्नेछ । करार खेती गर्ने किसानले कृषि उत्पादनका लागि गुठी, निजी, सरकारी, सार्वजनिक वा संस्थाको जमिन भाडामा लिन सक्नेछ ।

(४) करार खेती गर्ने कृषक वा कृषि फर्मले १ वर्ष वा सोभन्दा कम अवधिको बाली लगाउने भए कम्तिमा ३ वर्षको र बहुवर्षीय खेतीका लागि कम्तिमा १५ वर्षको करारनामा भएको हुनुपर्नेछ ।

(५) गुठी, सार्वजनिक संस्था तथा अन्य सरकारी जग्गाहरुको हकमा भने सम्बन्धित निकायको अनुमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

---

$ पहिलो संशोधनद्वारा संशोधित

(६) कार्यक्रमबाट करार खेती गर्ने कृषकलाई बढीमा १०० कठ्ठा सम्मको भाडा बापतको र कम मात्र उपलब्ध गराईनेछ ।

$(७) करार खेती गर्ने कृषकले खेती गर्दा कम्तिमा ३ वर्षको वार्षिक कार्ययोजना निर्माण गरी कृषि गर्नुपर्नेछ । उक्त कार्ययोजना प्रस्तावसँग पेश गर्नुपर्नेछ ।

(८) करार खेती गर्ने कृषकले जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न नि:शुल्क प्राविधिक सेवाटेवा तथा अन्य शीर्षकमा उपदफा (१३) मा रहेको तालिका नं. १ बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

(९) कार्यक्रम कार्यान्वयन गर्न पालिकाको वार्षिक बजेटमा व्यवस्था भएको बजेटको सीमाभित्र रही अनुदान उपलब्ध गराइनेछ तथा शर्तअनुसार काम नभएमा अनुदान उपलब्ध गराइने छैन । करार खेती गर्नका लागि आवश्यक कागजात तथा मापदण्डहरु अनुसूची-२ बमोजिम हुनेछ ।

(१०) करार खेती गर्ने कृषकले व्यावसायिक खेती गर्न पालिका वा वडा कार्यालयमा गई अनुसूची-४ अनुसारको प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

(११) करार खेती गर्ने कृषकले अनुदान लिन व्यावसायिक खेती गर्न जग्गा भाडा लिने र दिने पक्षबीच भएको करारनामापत्र, व्यावसायिक योजना साथ संलग्न गरी पालिका वा सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१२) कृषक वा कृषि फर्मले पेश गरेका व्यावसायिक योजना पालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(१३) करार खेती गर्ने कृषक वा कृषि फर्मले देहाय बमोजिमको कार्यक्रमको लागि तालिका नं. १ मा उल्लिखित अनुदान उपलब्ध गराउन सकिनेछ :

**तालिका नं. १**

| प्रति कठ्ठा तराई वा पहाडमा दिने अनुदान रकम | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम | अनुदानको किसिम | अनुदानको दर | अनुदान प्रतिशत | कैफियत |
| १ | करार खेतीमा अनुदान कार्यक्रम | जग्गा भाडा | प्रति कठ्ठा बढीमा २,५००/- वा सम्झौता बमोजिमको रकम जुन कम हुन आउँछ । | पहिलो वर्ष जग्गा भाडा १००%, दोस्रो वर्ष ५०% र तेस्रो वर्ष २५% | |

**५. व्यावसायिक कार्ययोजना माग तथा छनौट विधि :**

(१) यस कार्याविधि अनुरुप जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न इच्छुक कृषक वा कृषि फर्मबाट दफा ४ को उपदफा (१) र (२) बमोजिम अनुदानको लागि राप्ती गाउँपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ ।

(२) यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न कृषक वा कृषि फार्मले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु एवम् व्यावसायिक योजनामा उल्लेख हुनुपर्ने विवरणहरु तथा कागजात स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

$ पहिलो संशोधनद्वारा संशोधित

(३) कृषक वा कृषि फर्मले सार्वजनिक गरेको सूचनामा तोकिएको मितिभित्र तोकिएको कार्यालयमा यस कार्यविधिको अनुसूची-४ अनुसारको आयोजना प्रस्ताव, वडा कार्यालयको सिफारिसपत्र र जग्गा भाडामा लिएको करारनामासहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(४) जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने कृषक वा कृषि फर्मबाट पेश भएका प्रस्ताव प्रमाणीकरण गरी वडा कार्यालयले पालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

$(५) वर्षमा कम्तिमा २ बाली व्यवसायिक रुपमा नगदे बाली खेती गर्ने कृषकलाई सहयोग दिइनेछ ।

(६) सिफारिस भएका प्रस्तावहरुको कार्यक्रम मूल्याङ्कन समितिले अनुसूची-६ का आधारमा मूल्याङ्कन गरी प्राथमिकताक्रम तोक्नेछ ।

६. **अनुदान प्रवाह विधि :** जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने कृषक वा कृषि फर्मलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ ।

(१) अनुदानको लागि अन्तिम छनौटमा परेको प्रस्तावकले (कृषक वा कृषि फार्म) यथाशीघ्र गाउँपालिकासँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(२) अन्तिम छनौटमा परेको कुनै प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक सूचीमा परेका प्रस्तावकसँग सम्झौता गरी कार्य अगाडि बढाइनेछ ।

(३) अनुदानको लागि छनौट भएको कृषक वा कृषि फार्मले सम्झौता गर्नु अगावै कार्य योजना अनुसारको कार्य गर्ने प्रतिबद्धतासहित जग्गा भाडामा लिई व्यावसायिक खेती गर्नका लागि सम्बन्धित जग्गा धनीहरुसँग औपचारिक करारनामा वा स्वीकृतपत्र प्राप्त गरिसकेको हुनुपर्नेछ ।

(५) अनुदान रकम बढी प्राप्त गर्ने मनसायले जग्गाधनीको मिलेमतोमा अस्वभाविक भाडा सम्झौता गरेको पाइएमा सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(६) जग्गा भाडा वापतको रकम सम्बन्धित जग्गाधनीको मजुरीनामा र वडा कार्यालयको सिफारिसमा कृषकलाई एसिपेयी चेक मार्फत वा सिधै बैंक खातामा राखी भुक्तानी गरिनेछ। कार्य प्रगति प्रतिवेदनका आधारमा वर्षभरिकै भाडा भुक्तानी दिइनेछ ।

(७) सम्झौता गरिएका कृषक वा कृषि फर्मले कार्ययोजना बमोजिमको कार्य सन्तोषजनक रुपमा सम्पादन नगरेको पाइएमा उक्त सम्झौता कुनै पनि बेला रद्द गरिनेछ ।

$७. **भुक्तानीको लागि पेश गर्नुपर्ने कागजात :**

(१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेछ :

(क) सम्झौता-पत्रको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) वडा कार्यालयकको सिफारिस

(घ) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदन

---

$ पहिलो संशोधनद्वारा संशोधित

(ङ) कम्तिमा ३ प्रति फोटो र चेकको प्रतिलिपि

(च) भुक्तानीका लागि निवेदन आदिको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ।

८. **रकम उपलब्धताका आधारहरु :** अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछ।

(क) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराइने छैन।

(ख) कार्यक्रम संचालनको लागि विगत २ वर्षभित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराइने छैन तर क्षेत्र विस्तार गर्न यस खण्डले बाधा पार्ने छैन।

(ग) कार्य प्रगति र कार्य सम्पन्नताको आधारमा भुक्तानी दिइनेछ।

(घ) कार्यक्रम सञ्चालनका लागि खर्च भएको विवरण दुरुस्त राख्नुपर्नेछ।

$(ङ) कार्य सम्पन्न भए पश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक कागजातसहित ६-६ महिनाभित्र भुक्तानी माग गर्नुपर्नेछ।

## परिच्छेद-३

९. **समितिसम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको समिति रहनेछ।

(१) कार्यक्रम मूल्याङ्कन समिति :

| | |
|---|---|
| (क) आर्थिक विकास शाखा प्रमुख | संयोजक |
| (ख) योजना शाखा प्रमुख | सदस्य |
| (ग) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(१.१) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारी वा विषयगत शाखाका प्राविधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(१.२) प्रस्तावित निवेदन माथि स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्ने समितिको मुख्य काम कर्तव्य हुनेछ।

(२) अनुगमन समिति :

| | |
|---|---|
| (क) राप्ती गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) आर्थिक विकास समितिको संयोजक वा सदस्य | सदस्य |
| (ग) आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| (घ) खरिद इकाईका प्रमुख | सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२.१) अनुगमन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२.२) स्वीकृत व्यावसायिक योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने।

(२.३) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्चन फुकाउने कार्य गर्ने।

---

$ पहिलो संशोधनद्वारा थप गरिएको

(२.४) कार्यक्रम प्रभावकारी बनाउन स्थलगत अनुगमन तथा निरीक्षण गर्ने गराउने ।

(२.५) अनुगमन कार्यका लागि आवश्यकता अनुरुप उपसमिति गठन गरी परिचालन गर्ने ।

## परिच्छेद ४
## विविध

१०. **प्रचलित कानुनको लागु हुने :** यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा पालिकाको व्याख्या अन्तिम हुनेछ ।

११. **संशोधन तथा परिमार्जन :** यस गाउँपालिकाले कार्यविधि आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**अनुसूची-१**
**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**
**करार खेती कार्यक्रम सञ्चालनसम्बन्धी सूचनाको नमूना**
**प्रथम पटक सूचना प्रकाशन मिति......**

राप्ती गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत करार खेती कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि फर्म तथा कृषकहरुले तपसिलका आवश्यक कागजातसहितको सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| सि.नं. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | अनुदान सीमा | कैफियत |
|---|---|---|---|---|
| १. | स्वरोजगारका लागि युवा लक्षित करार खेती कार्यक्रम | १) एक वर्षीय बालीको हकमा ३ वर्षको र बहुवर्षीय बालीको हकमा १५ वर्षीय करारनामा हुनुपर्नेछ ।<br>२) न्यूनतम ५ कट्ठादेखि अधिकतम १०० कट्ठासम्म जग्गा भाडामा लिएको हुनुपर्नेछ । | १) प्रति कट्ठा रु. २५००/- वा करारनामा बमोजिमको रकम जुन कम हुन आउँछ । सोही रकम पहिलो वर्ष १००%, दोस्रो वर्ष ५०% र तेस्रो वर्ष २५% दरले वार्षिक २ किस्तामा उपलब्ध गराइनेछ । | |

**संलग्न गर्नुपर्ने कागजपत्रहरु :**

- निवेदन अनुसूची ३ बमोजिम
- निवेदकको नागरिकता प्रतिलिपि
- फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी र भाडामा लिने कृषक वा कृषि फार्मबीचको सम्झौता प्रतिलिपि,
- खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धतापत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र (निजको जग्गा ५ कट्ठाभन्दा कम भएको भनी) ।

**अनुसूची-२**
**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित**
**करार खेती कार्यक्रम सञ्चालन सम्बन्धी आवेदन-पत्रको निवेदनको ढाँचा**

**श्री ........................ प्रमुखज्यू,** मिति : ...............
**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया देउखुरी, दाङ ।**

**विषयः करारमा खेती कृषि कार्यक्रमका लागि प्रस्ताव पेश गरेको बारे।**

महोदय,

राप्ती गाउँपालिकाको मिति ...................... मा प्रकाशित सूचना अनुसार मैले .......................... जग्गा करारमा लिई ............................... व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकोले तपसिल अनुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु । उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सञ्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरीत गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारबाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत जानकारी गर्दछु/गर्दछौं ।

**तपसिल :**

१. अनुसूची-४ अनुसारको आयोजनाको प्रस्ताव,
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
३. जग्गाधनी र भाडामा लिने कृषक वा फार्म बिचको सम्झौता प्रतिलिपि,
४. खेती गर्ने कृषक वा कृषि फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धतापत्र,
५. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।

निवेदन दिनेको तर्फबाट
किसान/फार्मको नाम:
टोल सहितको ठेगाना:
दस्तखत:
मिति:
सम्पर्क नं :

**अनुसूची-३**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**करार खेती कार्यक्रम सञ्चालन प्रस्ताव ढाँचा**

१) आवेदक र सम्पर्क व्यक्तिसम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| आवेदकको विवरण | | | |
| नाम थर : | | | |
| ठेगाना : | | | |
| नागरिकता नं. : | | | |
| आवेदकको किसिम (भूमिहीन वा अन्य) | | | |
| परिवारमा श्रम गर्ने सदस्य संख्या : | | | |
| आफूसँग रहेको जमिनको क्षेत्रफल र किसिम : | | | |
| परिवारका अन्य सदस्यको वैकल्पिक पेशा र मासिक आम्दानी : | | | |
| सम्पर्क नं | | | |
| प्रस्तावित आयोजना स्थल (टोलसहित) | | | |
| भाडामा लिने जग्गाको कूल क्षेत्रफल : | | | |
| भाडामा लिने जग्गाको स्वामित्व : | | | |
| (जग्गाधनीको नाम/थर /ठेगाना) | जग्गाको कित्ता नम्बर | क्षेत्रफल | वार्षिक भाडादर प्रति रोपनी वा कठ्ठा |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| | | | |

कृषि व्यवसायको जम्मा लागत विवरण (वर्षभरि):

| | |
|---|---|
| प्रस्तावित आयोजनाको कुल खर्च रकम जम्मा लागत | |
| पूर्वाधार विकास खर्च | |
| भाडा | |
| उत्पादन सामग्री | |
| अन्य खर्च | |

जम्मा आम्दानी अनुमानित :

| | |
|---|---|
| पहिलो वर्ष | |
| दोस्रो वर्ष | |
| तेस्रो वर्ष | |

२) प्रस्तावित आयोजना सम्बन्धमा

क) प्रस्तावित आयोजनाको शीर्षक/विषय

ख) पृष्ठभूमि :

ग) उद्देश्यहरु :

घ) सामूहिक प्रस्तावको हकमा प्रस्तावित आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्या :

ङ) खेती गर्ने बालीको विस्तृत उत्पादन विवरण:

| क.सं. | बाली वस्तु | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

च) आवेदकको अनुभव कृषि सम्बन्धी तालिम र शैक्षिक योग्यता:

छ) करार खेती कार्यक्रम संचालन पश्चात

१. लाभान्वित हुने घरधुरी संख्या:

२. बाली वा वस्तुले ढाक्ने क्षेत्रफल:

३. उत्पादन परिमाण:

४. वार्षिक आम्दानी रु.:

५. थप रोजगारी संख्या स्थायी ............... अस्थायी ............

६. यदि अरु केही भए उल्लेख गर्नुहोस्

## अनुसूची-४

**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**सम्झौता पत्रको नमूना**

राप्ती गाउँपालिकाबाट सञ्चालन गरिने चालु आ.व. .................... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार जग्गा करारमा लिई व्यावसायिक खेती गर्नका निम्ति राप्ती गाउँपालिका गाउँ कार्यपालिको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र कार्यक्रम सञ्चालनका लागि छनौट भएका श्री .................................................. कृषक/कृषि फर्म राप्ती गाउँपालिका वडा नं. ......., .......... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षीय सम्झौता गरिलियौं/दियौं ।

**तपसिल :**

१. यो सम्झौता दुवै पक्षको सहमतिमा मिति ....................... गतेदेखि लागु हुनेछ ।
२. राप्ती गाउँपालिका करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७९ अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई अनुदान वापत अधिकतम प्रतिकठ्ठा रु. ............. वा प्रस्तावकले जग्गाधनीसँग गरेको करारनामा उल्लेखित रकम जुन कम हुन आउँछ सो रकम भुक्तानी गरिनेछ ।
३. अनुदान प्राप्त कृषक वा कृषक समूह वा फार्मले प्रत्येक ६-६ महिनामा राप्ती गाउँपालिका कृषि विकास शाखामा प्रतिवेदन बुझाउनुपर्नेछ । कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रत्येक वर्ष २ किस्तामा भुक्तानी गरिनेछ ।
४. जग्गा भाडा वापतको अनुदान रकम भुक्तानी गर्दा पहिलो वर्ष १००%, दोस्रो वर्ष ५०% र तेस्रो वर्ष २५% का दरले सिधै जग्गाधनीको बैंक खातामा भुक्तानी गरिनेछ ।
५. दोस्रो पक्षले पहिलो पक्षलाई पेश गरेको व्यावसायिक योजना बमोजिम बाली लगाउनुपर्नेछ । त्यसो नगरेको पाइएमा निजलाई अनुदान रकम भुक्तानी गर्न पहिलो पक्ष बाध्य हुने छैन ।
६. खेती व्यवसायबाट उत्पादित कृषि उपजको बजार व्यवस्था दोस्रो पक्षले स्वयम् गर्नुपर्नेछ ।
७. प्रथम पक्षले खेती व्यवसायलाई सफल पार्न नियमित रुपमा अनुगमन गर्न सक्नेछ । अनुगमन, निरीक्षण तथा अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोस्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।
८. दोस्रो पक्षले भुक्तानीका लागि निवेदन, वडाको सिफारिस, फोटो, प्रगति प्रतिवेदन, जग्गाधनीको बैंक खाताको चेकको फोटोकपि तथा अन्य आवश्यक कागजपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
९. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**नोट** : उल्लेखितभन्दा अन्य क्रियाकलाप गर्नुपरेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

| | |
|---|---|
| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छाप : | छाप : |
| **रोहवर** | **साक्षी** |
| नाम : | नाम : |
| हस्ताक्षर : | ठेगाना : |
| | हस्ताक्षर : |

मिति : २०........ साल................... महिना ............गते .......... रोज शुभम् ।

**अनुसूची-५**
**(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)**

**<u>अन्तिम मूल्याङ्कनका आधार</u>**

१. कृषक/कृषक समूह/कृषि सहकारी/फार्मको नामः
२. ठेगाना :
३. सम्पर्क व्यक्तिको नामः
४. सम्पर्क नं. :

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | ३० | | |
| २ | सामाजिक समावेशिता | १५ | | |
| ३ | आर्थिक अवस्था | १५ | | |
| ४ | थप रोजगार सृजना | १० | | |
| ५ | खेती गर्ने प्रस्तावित जग्गाको क्षेत्रफल | १० | | |
| ६ | कृषि सम्बन्धी तालिम अध्ययन भएको | १० | | |
| ७ | भौतिक पूर्वाधार (सिँचाइ, सडक, विद्युत आदिको उपलब्धता) | १० | | |
| | जम्मा | १०० | | |